ज्याला तथा कामको समय विभाग
श्रम विभाग, संयुक्त राज्य अमेरिका (युनाइटेट स्टेट्स् डिपार्टमेन्ट अफ लेवर)
1-886-487-9243
www.dol.gov/whd



# नेलसलोनका कामदारहरू

## *ज्याला तथा कामको समयसम्बन्धी अधिकारहरू*

कामदारको इमिग्रेसनको आवस्था जे भए पनि अमेरिकामा काम गर्ने सम्पूर्ण कामदारहरूलाई ज्याला तथा कामको समय बिभाग (वेज एण्ड आवर डिभिजन) ले आबश्यक मद्दत गर्दछ ।

नेलसलोनमा जति घण्टा काम गर्नुहुन्छ त्यतिको तपाईंले निष्पक्ष तरिकाले पूरा तलब पाउने अधिकार तपाईंलाई हुन्छ । आफ्ना अधिकारहरू थाहा पाइराख्नुहोस् ।

### *काम गरेको समय:*

- रोजगारदाताले तपाईंलाई पहिल्यै यति घण्टा काम गर भने पनि वा नभने पनि काम गरेको सम्पूर्ण घण्टाको तलब तपाईंले पाउनुपर्छ ।
- तालिम लिंदाको समय, काम गर्ने दिन एक ठाउँदेखि अर्को ठाउँमा जाँदा लाग्ने समय, अफ द क्लक (जस्तै लन्च समयमा पनि काम गरेको) को सबै समय तलबमा जोडिएको हुन्छ ।

### *पाउनु पर्ने न्यूनतम ज्याला र त्यसबाट पैसा कटाउन सक्ने कुराहरू:*

- संघीय सरकारले तोकेको न्यूनतम ज्याला प्रति घण्टा $7.25 का दरले तपाईंलाई दिएकै हुनुपर्छ ।
- तपाईलाई दिनगन्तिका हिसाबले वा कुनै तोकिएको काम सकेको हिसाबले पैसा दिएमा पनि उक्त टोटल रकम प्रति घण्टा संघीय सरकारले तोकेको न्यूनतम ज्याला बराबर हुनै पर्छ ।
- रोजगारदाताले तपाईंको कामसंग सम्बन्धित कुराहरू जस्तै पोशाक, भाडामा लिएका औजार, वा कामसंग सम्बन्धित उपकरणहरूको खर्च कटाउन सक्छ तर यस्तो कटैति गर्दा पनि तपाईंको तलब संघीय सरकारले प्रति घण्टा तोकेको न्यूनतम ज्याला भन्दा थोरै हुने गरी कटाउन सक्तैन ।
- कुनै कुनै राज्यका कानुनहरूले त आझ धेरै न्यूनतम ज्याला तोकेका र कामदारहरूको धेरै नै संरक्षण गरेका हुन्छन्, यस्तो अवस्थामा रोजगारदाताले यी कानुनहरू तथा यहाँ उल्लेख गरिएका संघीय नियमहरू मानेकै हुनुपर्छ ।

### *ओभरटाइम काम गरेको तलब सम्बन्धमा :*

- तपाईंले सामान्यतया एक हप्तामा ४० घण्टा भन्दा बढी काम गर्नुभयो भने सो भन्दा बढी घण्टाको 1-½ (डेढी) का दरले थपेर तपाईंलाई तलब दिएको हुनुपर्छ ।

### *काम र तलबको बिबरण राख्ने:*

- कामदारहरूले गरेको कामको समय र दिएको तलबको विवरण दैनिक तथा साप्ताहिक रूपमा रोजगारदाताहरूले दुरूस्त राखेको हुनुपर्छ ।
- तपाईंले पनि आँफूले काम गरेको घण्टा, पाएको तलबका साथै रोजगारदाताको नाम, ठेगाना, र फोन नम्बरको विवरण राखेको हुनुपर्छ ।

*आफ्ना आधिकारहरूको प्रयोग गर्दा वा हामीसंग सम्पर्क गरेका कारणले रोजगारदाताले तपाईंलाई कामबाट निकाल्ने वा काममा नकारात्मक भावले बदला लिने गर्नु कानुन विपरीतको कुरा हो ।*

यदि तपाई माथि अन्याय भएको बिश्वास लागेमा वा तपाईका केही प्रश्नहरू भएमा हामीलाई यो **1-866-487-9243** नम्बरमा फोन गर्नुहोस् ।

**तपाईले बोल्ने भाषामा** हामीले तपाईंलाई मद्दत गर्न सक्छौं ।

हामीले दिने सेवाहरूमा **पैसा लाग्दैन** र सबै कुरा **गोप्य** रहन्छन् ।

### तपाइँ काम ठेक्कामा लिएर गर्ने (इन्डिपेन्डेन्ट कन्ट्रयाक्टर) व्यक्ति हो वा कामदार हो ?

वास्तविक कामदारहरूलाई पनि कुनै कुनै सलोनहरूले कामदार नभनी गलत तरीकाले इन्डिपेन्डेन्ट कन्ट्रयाक्टर भन्ने गर्दछन् ।

कामदार र इन्डिपेन्डेन्ट कन्ट्रयाक्टर छुट्टै कुरा हुन् । यी दुइका बीचको फरक थाहा पाउनु आति नै महत्वपूर्ण छ । किनभने कामदारहरूलाई इन्डिपेन्डेन्ट कन्ट्रयाक्टरले पाउने भन्दा बढी स्वास्थ तथा सुरक्षा, ज्याला र अरू सुबिधाहरू कानुनी रूपमै तोकिएको हुन्छ ।

नेलसलोनको मालिकले तपाईंलाई इन्डिपेन्डेन्ट कन्ट्रयाक्टर भन्न सक्छ, W-2 को सट्टा IRS 1099 फारम दिन सक्छ तर यसरी 1099 फारम दिंदैमा तपाईलाई स्वतः इन्डिपेन्डेन्ट कन्ट्रयाक्टर जनाउँदैन ।

बास्तबमा तपाइं इन्डिपेन्डेन्ट कन्ट्रयाक्टर हो कि होइन भन्ने कुरा निर्धारण गर्न हामीले बिभिन्न तथ्यहरूलाई केलाएर हेर्छौ ।

**के तपाइँले :**

- *सलोनको बुथ वा कुनै ठाउँ भाडामा लिनुभएको छ?*
- *सलोनमा चाहिने सामान र उपकरणहरू आफ्नै खर्चमा किन्नुहुन्छ ?*
- *आफ्नो काम गर्ने समय र तलबको दर आफै निर्धारण गर्नुहुन्छ?*
- *सिधै तपाईलाई नै पैसा दिने आफ्ना ग्राहकहरू छन् ?*
- *सलोनको ब्यापार गर्ने आफ्नै लाईसेन्स छ?*

यी माथिका सबै वा केही प्रश्नहरूको उत्तर दिंदा तपाईंले “छैन/गर्दिनँ” भन्नुभयो भने तपाइँ कामदार हुनुपर्छ ।

तपाईंलाई आफूँ कामदार वा इन्डिपेन्डेन्ट कन्ट्रयाक्टर के हो भन्ने कुरा थाहा छैन भने सो थाहा पाउन हामीलाई सम्पर्क गर्नुहोस् । काम गर्ने ठाउँमा तपाइँका आधिकारहरू के के हुन् भन्ने निश्चित गर्न तपाईंले काममा के के गर्नुहुन्छ भन्ने कुराका साथै आन्य तथ्यहरूलाई हामीले केलाएर हेर्ने छौं ।

पेशागत सुरक्षा तथा स्वास्थ्य प्रशासन
श्रम विभाग, संयुक्त राज्य अमेरिका (युनाइटेट स्टेट्स् डिपार्टमेन्ट अफ लेवर)

1-800-321-OSHA (6742)
www.osha.gov



# मेनिक्योर र पेडिक्योर सम्बन्धी काम गर्ने बेलामा स्वस्थ र सुरक्षित रहनुहोस्

नेल सलोनमा प्रयोग गरिने बस्तुहरूमा हानिकारक रसायन (झोलहरू) हरू हुन सक्छन् । बारम्बार यी बस्तुहरूको प्रयोग गर्दा वा बाक्लो मात्रामा (संतृप्त आवस्थामा) रहेका यी रसायनहरूको सम्पर्कमा आउँदा तपाईँको शरीरलाई क्षति पुर्याउन वा गंभीर किसिमका प्रभावहरू पार्न सक्छन् । यसरी गंभीर किसिमले तपाईँलाई क्षति पुर्याउने खतरा नभएको काम गर्ने वातावरणको आधिकार तपाईँलाई छ ।

## नेल सलोनमा प्रयोग गरिने बस्तुहरूमा हुने खतराजन्य रसायनहरू

केही संभावित खतराजन्य रसायनहरू र तिनीहरूले स्वास्थ्यमा पार्ने प्रभावहरूलाई तल दिइएको छ (यस्ता बस्तुको विस्तृत लिस्ट पाउनका लागि www.osha.gov/SLTC/nailsalons वेवसाइट हेर्नुहोस् )

- एसिटोन (नङ पालिस हटाउने झोल): यसले टाउको दुखाउँछ, रिंगटा लाग्छ, आँखा, छाला, र घाँटी पोल्छ/चिलाउँछ ।
- डाइब्युटाइल थ्यालेट (DBP) (नङ्ग पालिस): ¬वाक्काकी लाग्छ, आँखा, छाला, नाक, मुख र घाँटी पोल्छ/चिलाउँछ ।
- इथाइल मेथाक्रिलेट (EMA) (नक्कली नङ्ग बनाउने झोल): दम बढ्ने; आँखा, छाला, नाक र मुख चिलाउने हुन्छ; ध्यान एकाग्र हुनमा गाह्रो हुने हुन्छ । गर्भवती भएको बेलामा यी सामग्रीको सम्पर्कमा आएमा पेटको बच्चालाई असर गर्न सक्छ ।
- (धेरै राज्यहरूमा मिथाइल मेथाक्रिलेटको उपयोगमा प्रतिबन्ध लगाइसकिएको छ )
- • फर्मलडेहाइड (नंग पालिस, नंगलाई दह्रो बनाउने बस्तु): यसले क्यान्सर हुन सक्छ; स्वास लिन गाह्रो हुन सक्छ; दम जस्तै रोगले आक्रमण गर्न सक्छ; एलर्जी हुन सक्छ अँखा, छाला, र घाँटी पोल्छ/चिलाउँछ ।
- • टोलुइन (नंग पालिस, आलाका नक्कली नंग टास्ने गम): छाला फुट्ने वा सुख्खा हुने; टाउको दुख्ने, रिंगटा लाग्ने, र शरीर लाटो हुने; अँखा, नाक, घाँटी र फोक्सो पोल्ने; कलेजो र मृगौलामा क्षति पुर्याउने हुन्छ; गर्भवती भएको समयमा पेटमा रहेको बच्चालाई क्षति पुर्याउँछ ।

## सलोनसंग सम्बन्धित बस्तुहरूमा रहेका रसायनहरूका बारेमा जानकारी प्राप्त गर्ने

- नेल सलोन ब्यवसायमा प्रयोग गरिने हानीकारक रसायनहरू भएका बस्तुहरूमा चेतावनी दिने तथा होशियारी जनाउने कुराहरू उल्लेख गरिएको हुनुपर्छ;
- सलोनहरूले तपाईँलाई हानीकारक रसायनहरू भएका सामग्रीहरूको बिषयमा सेफ्टि डाटा शिट्स् (SDSs) (एसडीएस) उपलब्ध गराउनु पर्छ । एसडीएस (SDSs) ले हानीकारक चिजबिजहरू, कसरी तपाईं त्यस्ता बस्तुको सम्पर्कमा पर्नुहुन्छ, स्वास्थ्य र सुरक्षामा कस्ता जोखिमहरू आउन सक्छन् भन्ने कुराका साथसाथै कसरी सुरक्षित तरीकाले प्रयोग गर्ने र स्टोरमा राख्ने भन्ने कुराहरूको सूचि दिन्छ । तपाईँलाई एसडीएस (SDS) माग्ने र प्राप्त गर्ने आधिकार छ ।

## कामदारको स्वास्थ्यको सुरक्षा

- सम्भव भए सम्म कम हानिकारक बस्तुहरूको प्रयोग गर्नुहोस् ।
- केही बस्तुहरूमा तीन खालका विषालु पदार्थहरू टोलुइन, फर्मलडेहाइड,र डाइब्युटाइल थ्यालेट (टक्सिक ट्रियो) नमिसाइकन बनाइएका भनी दाबी गरिएको हुन्छ ।
- सलोन हावा खेल्ने खालको बनाउनुहोस् र ताजा हावा भित्र पस्न दिनुहोस् । झ्याल तथा ढोकाहरू खुला राख्नुहोस्, कोठा भित्रको धुवाँ बाहिर फाल्ने पंखा, तातो राख्ने मेशिन, एसी सिस्टम र भेन्टिलेसन टेवललाई सधैं चालु राख्नुहोस्; साथै हल्का खालका एताउता सार्न मिल्ने भेन्टिलेसन मेशिनहरूको प्रयोग गर्नुहोस्
- सलोनमा प्रयोग गरिने सामानहरूलाई छाला र आँखामा पर्न नदिनुहोस्; समानहरू एक ठाउँबाट अर्को ठाउँमा सार्दा पञ्जा र काम गर्दा प्रयोग गर्ने चस्मा (गगल्स) लगाउनुहोस्; लामा बाहुला भएको कमिज लगाउनुहोस्; बेलाबेलामा हात धुनुहोस् साथै खानेकुरालाई रसायन भन्दा टाढा राख्नुहोस् ।
- रासायिनक पदार्थहरूलाई सुरक्षित तरिकाले स्टोरमा राख्नुहोस् ।

## सुरक्षित ठाउँमा काम गर्ने अधिकार

कामदारहरूलाई सुरक्षित ठाउँमा काम गर्ने अधिकार छ । कामदारहरूलाई जोखिममा नपार्ने तथा गंभीर क्षति नपुर्याउने खालको काम गर्ने ठाउँ उपलब्ध गराउने जिम्मेवारी रोजगारदाताहरूको हुन्छ । तपाईँलाई काम गर्दा हुन सक्ने खतराहरू र त्यसबाट जोगिने उपायहरूका बारेमा तालिम र जानकारी लिने अधिकार हुन्छ । कामदारहरूले ओशा (OSHA) मा फोन गरेर प्रश्न सोध्न, जानकारी प्राप्त गर्न वा काम गर्ने ठाउँमा गंभीर किसिमको खतरा छ भन्ने विश्वास भएमा ओशा निरीक्षणका लागि उजुरी गर्न सक्छन् । तपाईँलाई सुरक्षाको बारेमा चासो लिएको वा ओशामा फोन गरेको भनेर रोजगारदाताले काममा बदला लिनु कानुन विपरीतको कुरा हो

प्रश्न सोध्न वा थप जानकारी लिनका लागि www.osha.gov वेवसाइट हेर्नुहोस् वा 1-800-321-OSHA (6742) मा फोन गर्नुहोस् । यी सबै कुराहरू गोप्य रहने छन् । हामी यहाँ तपाईँलाई मद्दत गर्न बसेका छौं ।

संभावित खतराजन्य रसायनहरू र तिनले स्वास्थ्यमा पार्ने नकरात्मक कुराको बिस्तृत सूचि हेर्न तपाइँको स्मार्टफोनमा यो तलको कोडलाई स्क्यान गर्नुहोस् ।